**खनियाबास गाउँपालिकाद्धारा प्रकाशित**

# खनियाबास राजपत्र

बर्षः १ अंकः १ मितिः २०७५ आषाढ २४ गते आइतबार

**भाग-२**

## खनियाबास गाउँपालिका

धादिङ्गजिल्ला

३ नंबर प्रदेश, नेपाल

# खनियाबास गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन कार्यविधि, २०७४

खनियाबासगाँउपालिकाले बनाएको तलउल्लेखबमोजिमको नियमावली स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) अनुसार सर्वसाधरणको जानकारीको लागिप्रकाशनगरिएको छ ।

# खनियाबास गाउँपालिकाको स्थानीय राजपत्रप्रकाशनकार्यविधि, २०७४

**प्रस्तावनाः**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिका तथा नगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्ने अनिवार्य व्यवस्थालाई व्यवस्थापन गरि नियमित राजपत्र प्रकाशित गर्न खनियाबास गाउँकार्यपालिकाले यो कार्यविधि निर्माण गरि जारी गरेको छ ।

## भाग- १
## प्रारम्भिक

१. **कार्यविधिको नाम** : यस कार्यविधिको नाम स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ रहेको छ ।

२. **कार्यविधि लागू हुने** : यो कार्यविधि खनियाबास गाउँ कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

## भाग-२

## स्थानीय राजपत्रको भाग र ढाँचा

३. **स्थानीय राजपत्रको भागहरु** : स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची -१ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ ।

४. **स्थानीय राजपत्रको ढाँचा** : स्थानीय राजपत्रको ढाँचा अनुसूची २ र ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **बर्ष को व्यवस्था** : स्थानीय राजपत्रको बर्ष उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७४ साललाई १, २०७५ साललाई २), कायम गरी त्यसपछि क्रमश : जति वर्ष भयो त्यति नै अंक उल्लेख गरी प्रकाशन गरिनेछ ।

६. **<u>स्थानीय राजपत्रको अंक</u>** : (१) स्थानीय राजपत्रको संख्या कायम गर्दा भाग १ र भाग २ मा प्रकाशित हुने कानूनको क्रमशः संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम अंक कायम गर्दा भाग १ र २ मा प्रकाशित कानून संख्यालाई क्रमशः अंक राखि कानून संख्या गणना र अभिलेख गर्न सजिलो हुने गरि प्रकाशन गरिनेछ ।

७. **अतिरिक्तांक :** स्थानीय राजपत्र को भाग १ र २ मा प्रकाशन भएको कानून तथा कार्यविधि शंसोधन गर्नुपर्ने भएमा जुन अंक संशोधन भएको हो सोहि अंक उल्लेख गरि जति पटक शंसोधन गरियो सोहि अनुसार अतिरिक्तांक १, २ गर्दै क्रमशः प्रकाशन हुँदै जानेछ ।

## भाग- ३
## स्थानीय राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

८. **राजपत्र संगालो र खण्ड प्रकाशन** : खनियाबास गाउँपालिकाबाट प्रकाशित हुने राजपत्र भाग १ र २ को हरेक बर्ष वा कम्तिमा १० वटा अंक प्रकाशित भैसकेपछि गाउँपालिकाबाट प्रकाशित राजपत्रहरुको संगालो पुस्तकको रुपमा प्रकाशन गरि त्यसको हरेक श्रृंखलालाई क्रमस राजपत्र संगालो खण्ड १,२,३ गरि प्रकाशित गरि अभिलेखिकरण गरिनेछ । राजपत्रमा प्रकाशित कुनै भाग वा अंक एउटा मात्र पनि आवस्यकता अनुसार पुस्तकको रुपमा प्रकाशन गर्न सकिनेछ ।

९. **राजपत्रमा प्रकाशन भएको मानिने:** गाउँसभाबाट पारित बार्षिक नीति, कार्यक्रम, बजेट र आर्थिक ऐन, विनियोजन ऐन तथा राजश्वका दररेटहरु छुट्टै बार्षिक योजना तथा बजेट पुस्तकको रुपमा प्रकाशन गरिनेछ । त्यसरि प्रकाशित भएको योजना तथा बजेट पुस्तकलाई राजपत्रमा प्रकाशित भएको मानिनेछ र प्रकाशित आर्थिक बर्षलाई नै राजपत्रको अंक मानिनेछ ।

१०.**<u>स्थानीय राजपत्रमा प्रकाशन गर्ने सामग्री</u> :** स्थानीय राजपत्र प्रकाशन गर्दा बिषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

११. **<u>स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारी</u> :** स्थानीय राजपत्र गाउँपालिकाको अध्यक्षको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा “आज्ञाले,” भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

१२. **<u>स्थानीय राजपत्र प्रकाशनको जिम्मेवारी</u> :** (१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र स्थानीय राजपत्रप्रकाशन गरिनेछ ।

**(३)** प्रकाशन हुने सामग्री गाउँकार्यपालिकाको कानून सम्वन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गरिनेछ । सामाग्रीको अन्तिम सम्पादन भै विधेयक समितिबाट मस्यौदा पारित भएपछि भाग १ मा प्रकाशित गर्ने सामाग्री गाउँसभाबाट र भाग २ मा प्रकाशित हुने सामाग्री गाउँकार्यपालिका बाट पारित भै अध्यक्षबाट प्रमाणित भएपछि प्रकाशन गरिनेछ ।

१३. **<u>स्थानीय राजपत्रको अभिलेख व्यवस्थापन</u> :** (१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

१४. **<u>निःशुल्क रुपमा उपलब्ध गराउनु पर्ने</u>** :गाउँपालिका/नगरपालिकाले स्थानीय राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराइनेछः ।

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) सम्बन्धित स्थानीय विभाग/महाशाखा/शाखा,र

(ङ) गाउँपालिकाका प्रत्येक वडा कार्यालय र विषयगत कार्यालयहरु

**१५. <u>वेभ साइटबाट सार्वजनिक गर्नुपर्ने</u> :** प्रकाशित स्थानीय राजपत्रलाई गाउँपालिकाको वेभसाइटमा छुट्टै खण्ड (अलगपोर्टल)निर्माण गरी सोबाट र स्थानीय पत्रपत्रिकाहरुबाट समेत सार्वजनिक गरिनेछ ।

**१६. <u>विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्य</u> :** (१) प्रकाशित स्थानीय गाउँकार्यपालिकाको कार्यालय , वडा कार्यालय र सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा एकाइ मार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) स्थानीय राजपत्रको देहाय बमोजिमको बिक्री मूल्य निर्धारण गरिएको छ,

**(क) <u>बार्षिक सदस्य बनाई बिक्री गर्दा</u> :** वडा कार्यालय वा गाउँपालिकाबाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा बार्षिक रु. ५९०/- (पाँच सय नब्बेमात्र)

**(ख) <u>खुद्रा बिक्री गर्दा</u> :** स्थानीय राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले स्थानीय राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि ८ पेज सम्म एक प्रतिको रु.१० मात्र
- ९ देखि २४ पेज सम्म एक प्रतिको रु.१५ मात्र
- २५ देखि ४० पेज सम्म एक प्रतिको रु.३० मात्र
- ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु.४५ मात्र
- ५७ देखि ७२ सम्म एक प्रतिको रु.६० मात्र
- ७३ देखि ९६ सम्म एक प्रतिको रु.७५ मात्र
- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रति पेज ५० पैसाका दरले थप शुल्क लिइनेछ ।

१७. **<u>बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने</u>** : स्थानीय राजपत्र बिक्री बापत प्राप्त राजश्व गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

१८. **<u>कार्यविधिको व्याख्या</u>** : यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँकार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१९. **<u>बचाऊ</u>** : यो कार्यविधि लागू हुनुभन्दा अगावै गाउँपालिकाबाट पारित भै लागू भएका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

# अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

## स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु

**भाग-१**

यस भागमा गाउँ-सभाबाट पारित भएको ऐन, नीति तथा सभाका नियमहरु प्रकाशन गरिनेछ।

**भाग-२**

यस भागमा गाउँ/नगर कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीयतहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ।

**अनुसूची- २**

(दफा-४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

खनियाबास गाउँपालिकाद्धारा प्रकाशित

# खनियाबास राजपत्र

बर्षः संख्या÷ मितिः..../../..

**भाग-१**

**खनियाबास गाउँपालिका**

ऐन, नीति तथा सभाले बनाएको कानूनको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत